# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः ६४ मितिः २०७८/१०/२७

## भाग-२

### भरतपुर महानगर जेष्ठ पत्रकार निवृत्तिभरण कार्यान्यिन कार्यविधि, २०७८

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

प्रमुख

# भरतपुर महानगर जेष्ठ पत्रकार निवृत्तिभरण कार्यान्वयन कार्यविधी, २०७८

**प्रमाणिकरण मितिः २०७८/१०/२७**

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेख गरिएको पूर्ण प्रेस स्वतन्त्रतालाई आत्मसात गर्दै श्रमजीवी पत्रकार ऐन २०५१ को मर्म र भावना बमोजिम सञ्चारकर्मीहरूको वर्तमान अवस्थालाई समेत मध्यनजर गर्दै पत्रकारहरूको हकहित र संरक्षणका लागि नेपाल पत्रकार महासंघ चितवन शाखामा आवद्ध सञ्चारकर्मीहरूमध्ये भरतपुर महानगरपालिकामा स्थायी बसोवास गर्दै आएका जेष्ठ पत्रकारहरूको वृत्तिविकासमा सहयोग पुऱ्याउन वाञ्छनीय भएकोले **भरतपुर महानगर जेष्ठ पत्रकार निवृत्तिभरण कार्यान्वयन कार्यविधि, २०७८** निर्माण गरी लागु गरिएको छ ।

## परिच्छेद १

**प्रारम्भिक :**

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम 'भरतपुर महानगर जेष्ठ पत्रकार निवृत्तिभरण कार्यान्वयन कार्यविधि २०७८' रहेको छ ।

(२) यो कार्यविधि तुरून्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) निवृत्तिभरण कार्यविधि भन्नाले : भरतपुर महानगर जेष्ठ पत्रकार निवृत्तिभरण कार्यान्वयन कार्यविधि, २०७८' लाई जनाउनेछ ।

(ख) महानगरपालिका भन्नाले : भरतपुर महानगरपालिकालाई जनाउनेछ ।

(ग) प्रमुख भन्नाले : भरतपुर महानगरपालिकाका प्रमुखलाई जनाउनेछ ।

(घ) महासंघ भन्नाले : नेपाल पत्रकार महासंघ चितवन शाखालाई जनाउनेछ । महासंघको महानगरपालिकास्तरीय शाखा गठन भएमा यसै शाखासमेतलाई मानिनेछ ।

(ङ) ऐन भन्नाले : श्रमजीवी पत्रकार सम्बन्धि ऐन २०५१ लाई जनाउँनेछ ।

(च) पत्रकार भन्नाले : नेपाल पत्रकार महासंघको सदस्यता प्राप्त गरी श्रमजीवी पत्रकार ऐनले परिभाषित गरेको परिभाषा अनुसारको श्रमजीवी पत्रकार, सञ्चारकर्मीलाई सम्झनुपर्नेछ ।

(छ) जेष्ठ पत्रकार भन्नाले : नेपाल पत्रकार महासंघको सदस्यता प्राप्त गरी श्रमजिवी पत्रकार ऐनले परिभाषित गरेको, ६० वर्ष उमेर पूरा भएको र कम्तीमा निरन्तर २० वर्ष महासंघको सदस्य रहेको हुनुपर्नेछ । महिला, दलित, अपाङ्गता, अल्पसंख्यक, सीमान्तकृतको हकमा उमेर ५५ वर्ष पूरा भए पनि हुनेछ ।

(ज) कोष भन्नाले : भरतपुर महानगरपालिका र नेपाल पत्रकार महासंघ चितवनको साझेदारीमा स्थापना गरेको भरतपुर महानगर जेष्ठ पत्रकार निवृत्तिभरण कोषलाई जनाउनेछ ।

(झ) निवृत्तिभरण : भन्नाले कोषको ब्याजबाट जेष्ठ पत्रकार (लाभग्राही) लाई उपलब्ध गराइने रकमलाई जनाउनेछ ।

(ञ) कार्यसमिति : भन्नाले नेपाल पत्रकार महासंघ चितवनको कार्यसमितिलाई जनाउनेछ ।

## परिच्छेद २

### ३. जेष्ठ पत्रकारको पहिचान र जेष्ठ पत्रकार निवृत्तिभरण कार्यक्रम कार्यान्वयन

(१) भरतपुर महानगरपालिकामा स्थायी बसोवास गरेका, महासंघको सदस्य भइ चितवन शाखामा आवद्ध रहेका सदस्यहरूलाई नेपाल पत्रकार महासंघ चितवन शाखाको कार्यसमितिले लाभग्राहीहरूको पहिचान गर्नेछ ।

(२) जेष्ठ पत्रकारले योग्यता पुगेको दावीसहित कार्यसमितिसमक्ष अनुसुची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) प्राप्त निवेदनउपर कार्यसमितिले छानबिन गरी लाभग्राहीहरूको नामावाली सिफारिस समितिसमक्ष पेश गर्नेछ ।

(४) सिफारिस समितिले अनुमोदन गरेका लाभग्राहीहरूलाई निवृत्तिभरण रकम जेष्ठ पत्रकार स्वयम ( लाभग्राही) को खातामा रकम जम्मा गरिनेछ ।

(५) निवृत्तिभरण कोषमा जम्मा भएको रकमबाट जेष्ठ पत्रकारहरूलाई नेपाल सरकारले जेष्ठ नागरिकहरूलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता बराबरको रकम निवृत्तिभरणस्वरूप उपलब्ध गराइनेछ ।

(६) जेष्ठ पत्रकार निवृत्तिभरण कोषमा भएको रकमको ब्याजबाट मात्रै निवृत्तिभरण उपलबध गराइनेछ । कुनै कारणवस ब्याज रकमबाट रकम नपुग भएमा महानगरपालिकाले थप रकमको व्यवस्था गर्नेछ । पहिलो वर्ष भने मूलधनबाटै निवृत्तिभरण उपलब्ध गराइनेछ ।

(७) कुनै सरकारी कोषबाट नियमितरूपमा निवृत्तिभरण ( पेन्सन ) वा पारिश्रमिक प्राप्त गर्ने जेष्ठ पत्रकारलाई निवृत्तिभरण रकम उपलब्ध गराइने छैन । नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउन योग्य भएको दिनबाट उक्त व्यक्तिलाई निवृत्तिभरण दिईने छैन ।

(८) लाभग्राहीको पहिचानको लागि महानगरपालिका र महासंघले अनुसूची २ बमोजिमको परिचय पत्रको व्यवस्था गर्नेछ ।

(९) लाभग्राहीले हरेक आर्थिक वर्ष शुरू भएपछि परिचयपत्र नवीकरण गर्नेछ ।

## परिच्छेद ३

### ४) लाभग्राही सिफारिस समिति :

(१) निवृत्तिभरण प्राप्त गर्ने लाभग्राहीहरूको नामावाली सिफारिसका लागि देहाय बमोजिम ५ सदस्यीय सिफारिस समिति गठन गरिनेछ:

तपसिल:

| | | |
|---|---|---|
| संयोजक | नेपाल पत्रकार महासंघ चितवन शाखाका अध्यक्ष | १ जना |
| सदस्य | नगर प्रमुखले तोकेका सूचना तथा संचार प्रविधि शाखाका अधिकृत | १ जना |
| सदस्य | नगर प्रमुखले तोकेका आर्थिक प्रशासन महाशाखाका अधिकृत | १ जना |
| सदस्य | नेपाल पत्रकार महासंघ चितवन शाखाकाले तोकेका प्रतिनिधि | १ जना |
| सदस्य सचिव : | नेपाल पत्रकार महासंघ चितवन शाखाकाले तोकेको सचिव | १ जना |

(२) सिफारिस समितको बैठक सम्बन्धी कार्यविधि सिफारिस समिति आफैले तय गर्नेछ । जेष्ठ पत्रकार निवृत्तिभरण कार्यक्रम कार्यान्वय सम्बन्धी कार्यका लागि समितिले कार्य समितिसंग संयुक्त बैठक आयोजना गर्न सक्नेछ ।

**परिच्छेद ४**

**५) भरतपुर महानगर जेष्ठ पत्रकार निवृत्तिभरण कोष:**

(१) जेष्ठ पत्रकार निवृत्तीभरण कोषको लागि महानगरपालिकाले पहिलो वर्ष रू.२०,००,०००।०० (रू बीस लाख रूपैया ) र महासंघले रू. १,००,०००।०० (रू एकलाख रूपैय ) छुट्टयाई वाणिज्य / विकास बैंकमा साझेदारीरूपमा संयुक्त खाता सञ्चालन गर्नेछ ।

(२) कोषको खाता महानगरले तोकेका आर्थिक प्रशासन महाशाखाका अधिकृत प्रतिनिधी र महासंघका अध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(३) निवृत्तिभरण रकम पाउन योग्य जेष्ठ पत्रकारहरूको संख्याको आधारमा यस कोषमा भरतपुर महानगरपालिका र महासंघले हरेक वर्ष रकम थप गर्दै जानेछ । कोषमा थप गर्नुपर्ने रकम सम्बन्धमा आर्थिक नियम बमोजिम सिफारिस समितिले अग्रीम माग गर्नुपर्नेछ ।

(४) कोषमा रकम बृद्धिका लागि आवश्यकता अनुसार अन्य सरकारी, गैरसकारी सामाजिक संघसंस्था औद्योगिक प्रतिष्ठान वा व्यक्तिसँग समेत बैठक, परामर्श छलफल गरी प्राप्त हुने रकम थप गर्न सकिनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा ख संग सम्बन्धित)

फोटो

श्री अध्यक्षज्यू
नेपाल पत्रकार महासंघ, जिल्ला कार्य समिति, चितवन

**विषयः जेष्ठ पत्रकार निवृत्तिभरण कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

उपर्युक्त सम्बन्धमा भरतपुर महानगरपालिका र नेपाल पत्रकार महासंघले स्थापना गरेको **भरतपुर महानगर जेष्ठ पत्रकार निवृत्तिभरण कार्यक्रममा** सहभागी हुन मेरो ईच्छा रहेको र निवृत्तिभरण वितरण कार्यविधिअनुसार योग्य पनि भएकाले देहाय बमोजिमका विवरणसहित आवेदन गर्दछु । मैले कुनै पनि सरकारी कोषबाट नियमितरूपमा निवृतिभरण (पेन्सन) वा पारिश्रमिक प्राप्त गरेको छैन । यसमा उल्लेख गरिएका विवरणहरू सही सत्य छन् । भुट्टा ठहरे कानूनवमोजिम सहुँला वुझाउँला ।

नाम :
बाबुको नाम :
आमाको नाम :
पति वा पत्नीको नाम :
ठेगाना : भरतपुर महानगरपालिका वडा नं.......,
जन्म मिति :
सम्पर्क मोबाइल नं. :
इमेल ठेगाना :
महासंघको सदस्यता प्राप्त मिति :
कार्यरत संचारगृह :
खाता रहेको बैंकको नाम र ठेगाना :
खाता नं. :

**संलग्न कागजात**

१) नेपाली नागरिकताको परिचयपत्र
२) नेपाल पत्रकार महासंघको सदस्यता
३) कार्यरत संचारगृहको परिचयपत्र
४) स्थायी बसोवास गरेको प्रमाण खुल्ने कागज

निवेदकको दस्तखत .......
मिति :

अनुसूची-२

(दफा ३ को उपदफा ८संग सम्बन्धित)

(अगाडिको पाना)

## भरतपुर महानगर जेष्ठ पत्रकार निवृत्तिभरण कार्यक्रम

# निवृत्तिभरण परिचय पत्र

लोगो — भरतपुर महानगरपालिका
भरतपुर, चितवन

लोगो — नेपाल पत्रकार महासंघ
जिल्ला कार्य समिति, चितवन

---

( भित्री पानाहरूमा )

फोटो

लाभग्राहीको नाम :
बाबुको नाम :
आमाको नाम :
पति वा पत्नीको नाम :
ठेगाना : भरतपुर महानगरपालिका वडा नं.......,
जन्म मिति :
सम्पर्क मोबाइल नं. :
महासंघको सदस्यता प्राप्त मिति :
कार्यरत संचारगृह :
खाता रहेको बैंकको नाम र ठेगाना :
खाता नं. :
परिचय पत्र जारी मिति :
लागु हुने मिति :

| ............ | .................. | .................. |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |
| लाभग्राही | महानगरपालिकाका अधिकृत कर्मचारी | नेपाल पत्रकार महासँघ अध्यक्ष |

नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

प्रमुख

## रकम प्राप्त गरेको अवस्था

| मिति | देखि | सम्म | बुझिलिएको रकम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## नवीकरण अवस्था

| मिति | देखि | सम्म | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

- लाभग्राहीले हरेक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र परिचयपत्र नवीकरण गर्नुपर्नेछ ।
- यो परिचय हस्तान्तरण हुने छैन । परिचयपत्र हराई कसैले प्राप्त गर्नु भएमा नजिकको प्रहरी कार्यालय वा भरतपुर महानगरपालिका कार्यालय वा नेपाल पत्रकार महासंघ चितवनमा बुझाइ दिनुहुन अनुरोध गरिन्छ ।

आज्ञाले

..........................

रामबन्धु सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख